आज मिति २०८१/१२/२६ गतेका दिन यस मालारानी गाउँ कार्यपालिकाको ५८ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| क्र. स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | - | श्री दिपा पोख्रेल | उपाध्यक्ष | |
| ३ | १ | श्री दधिराम आचार्य | सदस्य | |
| ४ | २ | श्री योगेन्द्रनाथ भुसाल | सदस्य | |
| ५ | ३ | श्री दण्डपाणि पोख्रेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोख्रेल | सदस्य | |
| | ५ | श्री तुल्सीराम मिश्र(तिलक) | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार वस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | |
| १३ | ८ | श्री पद्मा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | |
| १५ | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | |
| १८ | - | श्री गोविन्द भट्टाई | सदस्य सचिव | |

कार्यसम्पादन सहयोगी कर्मचारीहरुः-

नेत्र प्रसाद खनाल - योजना तथा कार्यक्रम शाखा प्रमुख
विमल के.सी. - कृषि विकास शाखा प्रमुख
सौभाग्य खनाल - का.स.

# मालारानी गाउँपालिका, अर्घाखाँची

## गाउँ कार्यपालिकाको ५८ औं बैठक

२।२६

.०० बजे

हरु

औं बैठकको समिक्षा सम्बन्धमा।

सम्मको आय-व्ययको विवरण सम्बन्धमा।

मन प्रतिवेदन सम्बन्धमा।

डस्टोर सन्चालन र व्यवस्थापन सम्बन्धमा।

चारीको विदा सिफारिस सम्बन्धमा।

ा आ.वि. को जिर्ण भवन व्यवस्थापन सम्बन्धमा।

डुङ्गाका छाना विस्थापनको लागि खरिद भएका जस्तापाता सम्बन्धमा।

म आवधिक विकास योजनाको मध्यावधी समिक्षा प्रतिवेदन सम्बन्धमा।

णनि तपोभूमी सम्मेलन २०८१ सम्बन्धमा।

सि. क्यामेरा मर्मत सम्बन्धमा।

षधी तथा औषधीजन्य सामाग्री खरिद सम्बन्धमा

र्थिक सहयोग सम्बन्धमा

बेध/ समसामयिक विषयहरु सम्बन्धमा।

### बैठकका प्रस्ताव र निर्णयहरु

| ाव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|
| औं बैठकको न | अघिल्लो बैठकबाट भएका निर्णयहरुको अवस्था विश्लेषण हुनुपर्ने। | मिति २०८१।११।२६ गतेको गाउँ कार्यपालिका बैठकबाट भएका १४ वटा निर्णयहरुको कार्यान्वियन अवस्थाबारे क्रमश समिक्षा गरियो। जसमा सबै निर्णयहरु कार्यान्वयनको चरणमा रहेकोले पूर्ण रुपमा कार्यान्वियन गर्न गराउन सरोकारावाला सबैले आवश्यक समन्वय र सहजिकरण गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| सम्मको आय-यको विवरण बन्धमा | गाउँपालिकाको समग्र आय-व्यय तथा वित्तिय प्रगतिको विवरण गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको। | आ.व. २०८१।८२ का लागि गाउँसभाबाट विनियोजित रू ६२ करोड ४२ लाख २७ हजार ४ सय ३८ मध्ये हालसम्म चालुतर्फ ५८.०५ प्रतिशत र पुँजीगत बजेट तर्फ ४३.६८ प्रतिशत गरी जम्मा ५४.०२ प्रतिशत प्रगति हासिल भएको व्यहोरा बैठकमा प्रस्तुत भएकोले अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| सिक अनुगमन तिवेदन सम्बन्धमा | गाउँपालिका उपाध्यक्षले योजना तथा कार्यक्रमहरुको अनुगमन गरी मासिक प्रतिवेदन गाउँ कार्यपालिका बैठकमा पेश गर्नुपर्ने कानुनी प्रावधान रहेको। | २०८१ चैत्र महिनाको यस अवधि सम्म यस गाउँपालिकाबाट सन्चालित विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गरी सुझाव, समस्या समेटेर तयार पारिएको अनुगमन प्रतिवेदन बैठकमा प्रस्तुत भएकोले उक्त अनुगमन प्रतिवेदनलाई अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| ोल्डस्टोर न्चालन र व्यवस्थापन म्बन्धमा | यस गाउँपालिका वडा नं. ५ स्थित कुटुनीका चौरमा निर्माण भएको कोल्डस्टोर पूर्णरुपमा सन्चालन गर्ने गरी कुलिङ सिष्टम लगायतको कार्य सम्पन्न भएकोले उक्त कोल्डस्टर सन्चालन र व्यवस्थापनको लागि कार्यविधि आवश्यको भएको र तत्काल आलुको सिजन भएकोले आलु कोल्डस्टरमा राख्न दररेट आवश्यक पर्ने भएकोले कार्यपालिकाबाट निर्णय हुनु पर्ने। | यस गाउँपालिका वडा नं. ५ स्थित कुटुनीका चौरमा निर्माण भएको कोल्ड स्टोर निर्माणको कार्य सम्पन्न भएकोले उक्त कोल्डस्टोर सन्चालनमा ल्याउनको लागि देहाय बमोजिम गर्ने।<br>१. कोल्डस्टोर सन्चालन र व्यवस्थापनको लागि कार्यविधि तर्जुमा गरी पेश गर्नको लागि विधेयक समितिलाई निर्देशन गर्ने।<br>२. कोल्डस्टोर तत्काल सन्चालन गर्नको लागि मौजुदा एकजना कर्मचारीलाई तत्काल तालिम दिनको लागि सहयोगी संस्था हेफर प्रोजेक्ट नेपाललाई अनुरोध गर्ने।<br>३. हालको सिजनमा आलु उत्पादन भैरहेको र कोल्डस्टोरमा राख्नको लागि अनुरोध भई आएको सन्दर्भमा आलु कोल्डस्टोरमा राख्न एक सिजनको प्रति के.जी. रु. ७ (सात) तोक्ने | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| कर्मचारीको विदा सिफारिस सम्बन्धमा | यस गाउँपालिका वडा नं. ३ स्थित खनदह स्वास्थ्य चौकीमा कार्यरत सुनिल सम्राट खनालले पोखरा विश्व विद्यालयमा दुई बर्षे MPH कार्यक्रममा भर्ना भएकोले तलवी अध्ययन विदा स्वीकृतीको लागि सिफारिस माग गरी निवेदन समेतका कागजात पेश गरेकोले कार्यपालिकाबाट निर्णय हुनु पर्ने। | मालारानी गाउँपालिका वडा नं. ३ स्थायी ठेगाना भई हाल यस गाउँपालिका वडा नं. ३ स्थित खनदह स्वास्थ्य चौकीमा जन स्वास्थ्य निरिक्षक पदमा कार्यरत सुनिल सम्राट खनालले चिकित्सा शिक्षा आयोगको शैक्षिक सत्र २०८१।८२ मा चिकित्सा शिक्षा स्नाकोत्तर तह अन्तर्गत Master Of Public Health अध्ययनको लागि चिकित्सा शिक्षा आयोगद्धारा लिएको प्रवेश परिक्षामा सरकारी छात्रवृत्ती कोटामा Master Of Public Health - Health Promotion Education विषयमा पोखरा विश्व विद्यालयमा अध्ययनको लागि छनौट भएकोले २ बर्षे तलवी अध्ययन विदा स्वीकृतीको लागि आवश्यक कागजात सहित सिफारिसको लागि निवेदन पेश भएकोमा निजको माग बमोजिम २ बर्षे तलवी अध्ययन विदा स्वीकृतीको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी) लुम्बिनी प्रदेश सरकारमा सिफारिस गर्ने निर्णय गरियो। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| जनता आ.वि. को जिर्ण भवन व्यवस्थापन सम्बन्धमा | यस गाउँपालिका वडा नं. ४ स्थित जनता आ.वि. को च.नं. २३ मिति २०८१।१२।११ को पत्रबाट उक्त विद्यालयको जिर्ण भवन व्यवस्थापनको माग भएकोमा उक्त जिर्ण भवन व्यवस्थापन गर्न कार्यपालिकाबाट निर्णय हुनु पर्ने। | यस गाउँपालिका वडा नं. ४ स्थित जनता आ.वि. जिर्ण भवन व्यवस्थापन गर्ने सम्बन्धमा स्थलगत अनुगमन गरी सोको प्रतिवेदन आगामी बैठकमा पेश गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| | | | |

| | [illegible] | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| | [illegible] ढुङ्गाका छाना [illegible] लागि [illegible] भएका जस्तापाता सम्बन्धमा | यस गाउँपालिकाका भित्रका पत्रे ढुङ्गाका छाना विस्थापन गरी जस्तापाताको छाना निर्माणको लागि खरिद भएका जस्तापाता कार्यपालिकाको निर्णय बमोजिम गर्नुपर्ने। | आ.व. २०८१।८२ को स्वीकृत वार्षिक नीति कार्यक्रम र बजेट अनुसार पत्रे ढुङ्गाका छाना वस्तापन गरी जस्तापाताको छाना निर्माणको लागि जस्तापाता खरिद भै दाखिलाको क्रममा रहेकोले गाउँपालिकाको पत्रे ढुङ्गाका छाना तथा जिर्ण छाना विस्थापन कार्यक्रम व्यवस्थापन र सन्चालन कार्यविधि, २०८१ बमोजिम गर्ने गरी वडाको घरधुरी र जिर्ण पत्रे ढुङ्गाका छाना भएका घरहरुको आधारमा देहायका वडाहरुमा देहाय बमोजिम जस्तापाता बाँडफाँड गर्ने।<br>देहायः- वडा नं. १, २, ३, ४, ५, ६, ७, ८ र ९ को लागि क्रमशः २५, ३५, १०५, १२५, १३५, ७०, ३५, ४५, ७० बण्डल र बाँकी जस्तपाता गाउँपालिकामा मौज्दात राख्ने (आवश्यकता र कार्यबिधिक अनुसार गर्ने गरी | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| | प्रथम आवधिक विकास योजनाको मध्यावधी समिक्षा प्रतिवेदन सम्बन्धमा | यस गाउँपालिकाको प्रथम आवधिक विकास योजना( आ.व. २०७८।७९- २०८२।८३ को मध्यावधी समिक्षाको अन्तिम प्रतिवेदन परामर्श दाताबाट पेश भएकोले गाउँकार्यपालिका बैठकबाट उक्त प्रतिवेदन अनुमोदन हुनु पर्ने। | यस गाउँपालिकाको प्रथम आवधिक विकास योजना( आ.व. २०७८।७९- २०८२।८३ को मध्यावधी समिक्षा गरी परामर्शदाताबाट पेश भएको अन्तिम प्रतिवेदन बैठकमा प्रस्तुत भई उक्त प्रतिवेदनमा प्राप्त भएका सुझावहरु कार्यान्वयन गर्ने गरी सो प्रतिवेदनलाई अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| | पाणिनि तपोभूमी सम्मेलन २०८१ सम्बन्धमा। | पर्यटन बोर्ड नेपाल, पर्यटन विकास परिषद्, रैनादेवी छहरा गाउँपालिका, पाल्पा र पाणिनी गाउँपालिकाको अर्घाखाँचीको आयोजनामा यस गाउँपालिका अन्तर्गत अध्यक्ष लगायत सबै जन प्रतिनिधिहरु पूर्वजन प्रतिनिधहरु कर्मचारीहरु र अन्य समाजसेवी बौद्धिक व्यक्तित्वहरुलाई उक्त महत्वपूर्ण स्थानमा सहभागिताको लागि आमन्त्रण गरिएकोमा सहभागिताको लागि कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | पाणिनि गाउँपालिका मिति २०८१।१२।२७ र २८ गते आयोजना गरिएको पाणिनि तपोभूमी सम्मेलन, २०८१ को लागि यस गाउँपालिकामा प्राप्त निमन्त्रणा अनुसार मिति २०८१।१२।२७ गते प्रधानमन्त्रीबाट उदघाटन हुने दिन यस गाउँपालिकाबाट अध्यक्ष सहित सबै जनप्रतिनिधि, पूर्व जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत र केही कर्मचारीहरु सहभागिताको लागि उक्त सम्मेलनमा जाने र पाणिनी गाउँपालिकाको मिति २०८१।१२।२०को पत्रबाट अनुरोध भए बमोजिम गाउँपालिकाबाट पाणिनी तपोभूमी सम्म जान आउनको लागि ३ वटा गाडी ( बस / जिप ) भाडामा लिने र अन्य खर्च सम्बन्धित पदाधिकारी तथा व्यक्तिहरुले व्यहोर्ने साथै बस र जिप भाडाको रकम सवारी साधन तथा मेशिनरी औजार भांडा शिर्षकमा विनियोजन भएको बजेट मध्येबाट भुक्तानी गर्ने | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १० | सि.सि. क्यामेरा मर्मत सम्बन्धमा। | यस गाउँपालिका स्थित खन इलाका प्रहरी कार्यालयबाट सि.सि. क्यामेरा मर्मतको लागि अनुरोध भई आएकोमा मर्मतको लागि स्रोत सुनिश्चत सहित कार्यपालिकाबाट निर्णय हुनु पर्ने। | यस गाउँपालिका स्थित इलाका प्रहरी कार्यालय, प्रबन्ध शाखाको च.नं. २८५ मिति २०८१।१२।२६ सि.सि. क्यामेरा मर्मत गरिदिने बिषयक पत्र अनुसार यस गाउँपालिकाबाट उक्त कार्यालय अगाडी जडान गरीएका सि.सि. क्यामेराहरु मर्मत गर्नुपर्ने देखिएकोले चालु बजेट अन्तर्गत निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च शिर्षकमा विनियोजित बजेट मध्येबाट खर्च व्यवस्थापन गर्ने गरी उक्त स्थानका सि.सि. क्यामेराहरु मर्मत गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ११ | औषधी तथा औषधीजन्य सामाग्री खरिद सम्बन्धमा | यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्री व्यवस्थापन गर्दा थप बजेट सुनिश्चित गर्नुपर्ने भएकोले कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | आ.व. २०८१।८२ मा यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा औषधी तथा औषधीजन्य सामाग्रीहरु व्यवस्थापनको लागि सशर्त अन्तर्गत आधारभुत तथा आकस्मिक सेवाको लागि औषधी खरिद शिर्षक र गाउँपालिकाको औषधी खरिद तथा व्यवस्थापन खर्च शिर्षकबाट पहिलो पटक ठेक्काबाट उल्लेखित सामाग्रीहरु सप्लाई भई बचत भएको रकममा बढिमा ३० प्रतिशत रकम थपगरी दोस्रो प्याकेज अन्तर्गत उक्त सामाग्रीहरु सप्लाईको लागि ठेक्का व्यवस्थापन गर्ने र ठेक्का प्रतिष्पर्धाको क्रममा सम्बन्धित शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी गर्न नपुग हुने अवस्थामा थप हुने ३० प्रतिशत रकम समपुरक कोषबाट भुक्तानी गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १२ | आर्थिक सहयोग सम्बन्धमा | यस गाउँपालिका स्थित विभिन्न वडाहरुबाट आवश्यक कागजात सलग्न राखि आर्थिक सहयोग माग गरी निवेदन पेश भएकोमा निजहरुलाई आर्थिक सहयोग उपलब्ध गराइएकोमा उक्त सहयोग रकम कार्यपालिकाबाट अनुमोदन हुनुपर्ने। | यस गाउँपालिका वडा नं. ४ निवासी तारा प्रसाद खनाललाई उपचारको लागि काठमाण्डौ जानको लागि भाडावापत उपलब्ध गराईको रकम रु. ६००० ( छहजार मात्र ) र वडा नं. ३ निवासी रुद्र बहादुर जि.सीको बगालोमा आगलागि राहत स्वरुप उपलब्ध गराएको रु. ८०००।००( आठ हजार मात्र ) अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |